# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, ज्येष्ठ १७ गते २०१७ साल

### निर्वाचन आयोगको सूचना

पूर्व २ नम्बर चरीकोट निर्वाचन ट्राइबुनलको सूचना

निर्वाचन क्षेत्र नं. ११ दोलखा उत्तरको निर्वाचन गैर कानूनी तरीकाले गरे गराएको हुँदा सो बदर गरी पुनः निर्वाचन गराई पाउं भनी ने. रा. गो. प. को उम्मेदवार ढालबहादुर खड्का क्षत्री पूर्व २ नं. लाहुकको यस ट्राइबुनलमा पर्न आएको उजुरीको सम्बन्धमा कारवाई गर्न निम्नलिखित उजूरी र सो साथ पेश भएका कागजातहरूको नक्कल जनप्रतिनिधित्व ऐन, २०१५ को दफा ३५ को उपदफा (१) बमोजिम सर्व साधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्रीसेक्रेटरीज्यू
निर्वाचन आयोग
सिंहदरवार, नेपाल.

विषयः— निर्वाचन क्षेत्र नं. ११ दोलखा उत्तरको निर्वाचन गैर कानूनी तरीकाले गरे गराएको हुदा सो बदर गरी पुनः निर्वाचन गराई पाउँ भन्ने

महाशय,

निर्वाचन क्षेत्र नं. ११ दोलखा उत्तरको निर्वाचन २०१५।१२।११ मा निम्नलिखित गैर कानूनी तरीकाले गरी गराई त्यसको परिणाम भनी २०१५।१२।२४ मा घोषित गराएको हुनाले ऐन नियमका म्यादभित्र राख्नुपर्ने धरौट ने. रू. ५००। नेपाल राष्ट्र बैंकमा राखेको रसिद साथ उजूर पेशगरेको छु जो बुझ्नुपर्ने सवूद प्रमाण साक्षी सरजमीनको जनता समेत बुझी गैर कानूनी तरीकाले गरे गराएको चुनाव बदर गरी उचित तरीकाले मत पाएको हुदा मेरो सदर हवस यात निस्पक्ष पुनः निर्वाचन गराई पाउं ।

(१) जनप्रतिनिधित्व नियमावलीको नियम ४६ अन्तर्गत निर्वाचन आयोगले नेपाल राज्य भरका विभिन्न निर्वाचन क्षेत्रहरूमा मत लिने कामको निमित्त बिहान ८ बजेदेखि बेलुका ४ बजेसम्म मत लिने समय ठेगान गरी सो कुराको सूचना २०१५।७।२४ मा प्रकाशित गरेको पूर्व सूचना र नियम अनुसार सो टायमभित्र मतदान केन्द्रमा हाजिर भै त्यस सम्बन्ध लागी छेकिएको डोरीको एरियाभित्र लाममा लागि वा जम्मा भै पस्ने मतदाताले मतदान गर्न पाउने र जतिसुकै समय लागे पनि ती मतदातालाई मतदान गर्न दिन पर्नेमा सो ऐन नियम र प्रचलनको वास्ता नराखी नेपाली कांग्रेसका उम्मेदवार श्रीगृहबहादुर बस्नेतको मरमोलाहिजा र पक्षमा लागी देहायबमोजिमका मतदान केन्द्र अन्तर्गतका मेरा पक्षमा मत दिने थाहा पाएपछि सो बुथहरूमा खटिएका प्रिजाइडिङ पोलिङ अफिसरहरूले देहायका बुथहरूमा १ देखि २॥ बजेनै मतदान केन्द्रमा मत दिने कार्य बन्द गरी गराई दिएबाट स्वतन्त्र मतदान हुन पाएन र देहायका गाउं गाउंका मतदाताहरूले आफ्नो मत दिने अधिकारबाट बन्चित हुनु पर्‍यो जसले गर्दा मेरोतर्फ मत कम्ति हुन गई नेपाली कांग्रेसका उम्मेदवार गृहबहादुर बस्नेतको पक्षमा बढी मत देखिन गएको हो। लेखिएबमोजिम पक्षपात गैर कानूनी कार्य गरे गराएको नभए निर्वाचनमा म विजयी हुने थिएँ। यसको साक्षी देहायका बुथ बुथ अन्तर्गतका गाउँ गाउँका जनताहरू छन् बुझी पाउँ ।

(क) मतदान केन्द्र नम्वर १८ झल्याकु बुथमा मेरो पक्षमा भोट दिन भनी आएका खारेकसेरी माने डांडा गाउँका ३५० मतदाताहरू लाइनमा लाम लागी बसिरहेकोमा दिउसो २ बजेनै मतदान कार्य बन्द गरी मतदान गर्न दिएनन् यसको विरोधमा म आफै

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१२६

र मेरो पोलिङ एजेन्ट समेतले यस बूथमा उपस्थित प्रिजाइडिङ पोलिङ अफिसरलाई गर्दा कुनै सुनुवाई भएन यसको साक्षी सो बूथमा उपस्थित अन्य उम्मेदवारहरूका पोलिंग एजेन्टहरू र २ बजेदेखिनै मतदान केन्द्रमा मतदान दिने कार्य बन्द गरी फर्काइएका बारे कसरी माने डांडा गाउंका ३५० जनता छन् ।

(ख) मतदान केन्द् नं. ३ वज्रबहादुरको घर मनि चौरको गोडगर बुथमा मत दिने भनी आएका सिमि गाउं टासिनाम खानी गाउं ठाडा कोपट सयदका गाउका ४०० जना मतदाताहरूलाई त्यहाँस्थित पुलिसले पछि आउने हर भिन्नै वस भनी २ बजेसम्म भिन्नै थुपारी २ बजेपछि अव तिमीहरू लाइन बस्न पाउंदैनौ भनी फर्काई दिंदा त्यस ठाउंमा पनि उपस्थित प्रीजाइडिङ्ग पोलिङ्ग अफिसरलाई मेरो पोलिङ्ग एजेन्टले उजूर गरे। त्यस उजूरको पनि कुनै सुनुवाइ नगरी उक्त गाउंका करिव ७०० मतदाताहरूलाई उनको मत दिने अधिकारबाट बञ्चित गरी फर्काएको ब्यहोरा उपरोक्त गाउंका जनता बुझिएमा जाहेर हुने हुंदा बुझी पाउं ।

(ग) मतदान केन्द्र नं. १ मुचझ बहादुरको घर छेउ डांडा खेत चौरको वुथमा मतदान भैरहेका बखत करिव ११ बजेको समयमा पानी पर्दा दिउंसो १ बजेसम्म मतदिने कार्य बन्द रही २ बजेपछि फेरि शुरू भयो। यस बुथमा मतदान दिन भनी आइ लाइनमा वसेका गन्डीका गुठी गाउंका करिव ३०० मतदाताहरूलाई दिउंसो ३ बजेको समयमा अब भोट दिन भ्याउंदैनौ लाइनमा नबस भनी फर्काइ दी ३॥ बजेको समयमा यस बुथको पनि मत दिने कार्य बन्द गरियो र यस वुथमा पनि मेरो तर्फको पोलिङ्ग एजेण्टले विरोध गर्दा कुनै सुनुवाई भएन गुठी गाउंका करिव ३०० जनतालाई भोट दिने अधिकारबाट बञ्चित गराइ फर्काइएको ब्यहोरा उक्त गाउंका जनता बुझिएमा यथार्थ हुंने हुंदा बुझी पाउं ।

(२) मतदान केन्द्र २१ चरीगाउं माने डांडाको चौरको बुथमा मतदिने कार्य शुरू भै रहेकोमा त्यस बुथ अन्तर्गत गाउं गाउंका मतदाताहरूले नेपाली कांग्रेसका उम्मेदवार श्री गृहबहादुर बस्नेतजीको एक पक्षमा भोट खसाल्ने नदेखि कांग्रेसका प्रचारकहरूले हुलडवाजी मचाइ दिंदा शान्तिपूर्वक मतदिने कार्य हुन नसकी दिउसो १ बजेको समयमा ऐनको दफा ४७ बमोजिम सो दिन त्यस बुथको मतदिने कार्य स्थगित गरी फेरी २०१५.१२.२० मा गराए। तर ऐनका दफा ४७ बमोजिम स्थगित गरिएको मतदान कार्य गराउंदा ऐनको दफा ४८ बमोजिम कुनै हानी नोक्सानी नभएपछि ऐनका दफा ७१ बमोजिम भोट दिन बाँकी रहेका मतदाताहरूबाट मात्र मत दिलाउनु पर्नेमा त्यसो गर्दा नेपाली काँग्रेसको उम्मेदवार श्रीगृहबहादुर बस्नेतजीले कमती भोट पाउने देखि उक्त बुथमा खटिएका प्रीजाइडिङ्ग पोलिङ्गअफिसरहरूले मिलेमतो गरी नेपाली कांग्रेस तर्फका उम्मेदवारको मोलाहिजा पक्षमा लागि ऐनका दफा ४८ बमोजिम गरी अघी मत दी सकेका मतदाताहरूबाट

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समेत भोट खसाल्न लगाई पुनः निर्वाचन गराए सो गर्नु गराउनु ऐन नियम बमोजिम गैर कानूनी हो ।

(३) उक्त मतदान केन्द्र नं. २१ चरी गाउं माने डाँडाको चौरको बुथमा स्थगित गरिएको कार्य दोश्रा पटक गराउंदा ऐन नियम बमोजिम सोही मतदान केन्द्र बुथमा सूचना बमोजिम गराउनु पर्नेमा त्यसो गर्दा नेपाली कांग्रेसका उम्मेदवार श्री गृहबहादुर बस्नेतको पक्षमा भोट खस्ने नदेखी मेरो पक्षमा भोट दिन मतदाताहरूले भोट दिन नपाउन र मेरो तर्फ बढी मत हुन नजावस् भन्ने सोची उक्त बुथमा खटिएका प्रीजाइडिङ्ग, पोलिङ्ग अफिसर-हरू समेतलाई हात ली साविक बुथ रहेको चरी गाउं माने डाँडाको चौर देखि करिब १॥ कोस टाढा जामदेनुनथला भन्ने ठाउंमा नयाँ बुथ बनाइ मतदान कार्य गराए अचानक बुथ सारिएबाट मेरा पक्षमा भोट दिने मतदाताहरू चरी गाउं माने डाँडामा जांदा त्यहाँ मतदान भएको नदेखी कतिपय मतदाताहरू आपना आफ्ना घर फर्केर कतीपय मतदाताहरूले बुथ सारेकोछ भन्ने सुनि नयां बुथ बनेको ठाउंमा आउदा समयमा पुगन नसकी मतदिन पाएनन् जस्ले गर्दा पनि वास्तविक मेरो पक्षको मत कम्ती हुन गएको हो र यस अवैधानिक कार्यगर्नु गराउनू भ्रष्टाचार गैर कानूनी हो ।

(४) उपरोक्त मतदान केन्द्र नं. २१ को मतदान कार्य १५।१२।११ मा हुलडवाजी द्वारा स्थगित गराई ०१५।१२।२० का दिन अचानक बुथ समेत सारी पुनः निर्वाचन गराउदा ०१५।१२ का दिन सं. प्र. पार्टीको पक्षमा भोट दिने मतदाताहरूलाई नेपाली कांग्रेसका उम्मेदवारहरूले लोभ लालचा देखाइ ०१५।१२।२० का दिन आफ्नो पक्षमा भोट दिन लगाएका छन् त्यस्तो गर्ने गराउने भ्रष्टाचार गैर काननी हो यसको सबुत ०१५.१२.११ मा मतदान कार्य स्थगित गर्नाको अगाडी भोट दिएका व्यक्तिहरूको नाममा टिकट नं लेखिएको भोटर लिष्ट र तिन्ले खसालेको रद्द गरिएको खामवन्दी टिकट झिकी दोश्रा पटक भोट दिंदा नम्बर टांगिएका भोटर लिष्ट र नेपाली कांग्रेसका उम्मेदवारको पक्षमा गिरेको टिकट समेत भिडाइ जांचिएमा माथि लेखिए बमोजिम प्रत्यक्ष रूपमा साबित हुन आउने हुंदा झिकि बुझी पाउं

(५) मतदान केन्द्र नं २१ को उपरोक्त बुथमा नेपाली कांग्रेसका उम्मेदवार श्री गृहबहादुर वस्नेतले उक्त बुथ अन्तरगत वामती गाउं वस्ने विदेश गैराखेका डम्बर-बहादुर खत्रीका नाउंबाट सोही गाउं वस्ने रत्न बहादुर खत्रीलाई मतदान पत्र खसाल्न लगाउंदा मेरातर्फबाट विरोध गर्दा उपस्थित प्रीजाइडिङ० पोलिङ अफिसरहरूले नेपाली कांग्रेसका उम्मेदवारको पक्षमोलाहीजामा लागी कुनै सुनवाइ नगरी विदेश भएको मानिसको नाम-को मतदान पत्र रतनबहादुर खत्रीलाई दिइ खसालेको भोट बन्दी खाममा मझुजुदेछ र डम्मरवहादुरको नाउवाट मत भोट खसेको भोट लिष्ट पनि खाम वन्दिनै छ । सो झिकि हेरी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

92C

बुझी पाउं र डम्बरबहादुर सो मितिमा विदेश गैरहेको हो होइन भन्ने बामती गाउं बुझेमा यथार्थ हुने हुंदा सो गाउंमा जनताको सरजमीन गरी पाउं यस्तो कार्य गर्नु गराउनु भ्रष्टाचार गैर कानूनी हो. ।

(६) नेपाली कांग्रेसका उम्मेदवार श्री गृहबहादुर बस्नत क्षत्रीले मतदानकेन्द्र नंप-लादुक बुलुङपाटै चौरको बुथ अन्तर्गतमा पर्ने लिम्बा सोइसान लादुक गाउं निवासी तामाङ जातीका भोटरहरूलाई भोट दिन आउदा उक्त बुथदेखि करीव आधा कोश दाढाको कालु तामाङको धनसारमा जाँड रक्सी र अन्य खाने कुरा समेत खुवाइ आफ्नो पक्षमा भोट खसाल्न लगाए छन् यस्तो गर्नु भ्रष्टाचार गैर कानूनी कार्य हो त्यस्तो गरे गराएको हो, होइन निज कालु तामाङ र लिम्वा सोइसान लाहुक गाउंका मतदाता बुझिएमा यथार्थ हुने हुंदा बुझी पाउं.

(७) उपरोक्त तवरले गैर कानूनी पक्षपाती कारवाइ नगरी स्वतन्त्र चुनाव गराइदी सबै मतदाताहरूको इच्छा बमोजिम भोट दिन पाएको भए सो क्षेत्रमा अवश्य मेरो जित हुन थियो पक्षपातरहीत स्वतन्त्र चुनाव भएमा मेरो विजयी हुन्छ भन्ने देखी पक्षपात गरी भोट दिनेले दिन नपाउने गराई दिंदा मात्र नेपाली कांग्रेसका उम्मेदवार श्री गृहबहादुर बस्नेतजीको विजयी भएको देखिन आएको मात्र हो त्यस्तो पक्षपाती गैर कानूनी तवरले नगराई निष्पक्ष चुनाव भएको भए मेरो विजयी हुने हुँदा मेरो निर्वाचनमा सदरहोस् सो नभए क्षेत्रभरको चुनाव रद्दगरी पुनः निर्वाचन गराई पाउं ।

(८) उपरोक्त कुराहरूको छानवीन गर्न ट्रिबुनल गठन भएपछि लिखित सबूत नली उसै बखत दाखिल गरी दिनेछु सो बाहेक साछी दिनलाई उजूरीमा लेखे बमोजिम पक्षपात गरी चुनाव गराउंदा भोट दिन नपाई वञ्चित गरिएका भोटर लिष्टमा नाम दरिएका उपरोक्त दफा दफामा जनाइएका गाउँ गाउँका मतदाताहरू मध्ये भोट दिन नपाएका जनताहरूनै खडा छन् ती सबको यस उजूरीमा नाम लेखी निर्वाह नचल्ने हुनाले उपरोक्त गाउं गाउंका भोटर लिष्टमा नाम भएतापनि भोट दिन नपाएको व्यक्ति जती साछी सरजमीनका रूपमा बुझी गैर कानूनी पक्षपाती तरीकाले गराइएको चुनाव रद्द गरी पुनः निर्वाचित गराई पाउं ।

भवदीयः

निर्वाचन क्षेत्र नं. ११ को ने. रा. गो. प. को उम्मेदवार

ढालबहादुर खड्काक्षत्री पूर्व २ नं. लाहुक

१६ साल ज्येष्ठ २१ गते ५ मा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मिति १६ चैत्र २०१५.

११ नं क्षेत्रका उम्मेदवार

श्रीढालबहादुर खड्का (ने. रा. गो. प

महाशय,

११ नं. निर्वाचन क्षेत्रका २१ नं मतदान केन्द्र चरी माने डाडाँमा २०१६ चैत्र ११ गते चुनाव भैरहेको मतदान केन्द्रमा अशान्ति भै चुनाव हुन सकेन भन्ने उक्त डोरका प्री. अ. समेतका कर्मचारीहरुले रिपोर्ट पेश गरेको हुनाले जनप्रतिनिधित्व नियमावलीको दफा ४७ अन्तर्गत आगामी चैत्र २० गते उक्त मतदान केन्द्रमा रिइलेक्सन गर्ने निश्चित गरिएकोले तपाइलाई सूचित गरेको छु ।

लक्ष्मीदास
रिटर्निङ अफिसर
मुर्का चरिकोट पू २ नं

निर्वाचन कमिशन आयोग

सिंहदरवार,
काठमाडौं,

पत्रसंख्याः–　　　　　　　　मिति ०१५।६।१६।१ मा

विषयः–मतदानकेन्द्र बारे निर्वाचन कमिशन आयोगको

सूचना

निर्वाचन कमिशन आयोगमा बिभिन्न जिल्लाहरूबाट तयार गराई पठाएको मतदान केन्द्र उपर सुझाव दिनु हुने महानुभावहरूको लागि यो सूचना निर्वाचन कमिशन आयोगले प्रकाशन गरेकोछ यस विषयमा दिनु भएको सुझावहरू जुन जुन जिम्माको हो सोही सोही जिम्माको नामावली रजिष्ट्रेशन जोनल निर्वाचन अफिसरहरू कहाँ हाल तयार गरेको मतदान केन्द्रसँग भिडाइ हेरी गाउजार स्थानीय परिस्थितिबाट सुविधा हुने हो भन्नेवहाँ हरूको सुझाव मुताबिक अन्तिम मतदानकेन्द्रको लगत कमिशनबाट लेखिआएको पत्र प्राप्त भएको ७ दिनभित्र तयार गरी १ प्रति कमिशनमा पठाउनु भनी लेखि गएकोछ। मतदान केन्द्र बारे सुझाव दिनु हुने महानुभावहरूले जुन जुन जिम्मा लिएर सुझाव दिनु भएकोछ सोही जिम्माका जोनल निर्वाचन अफिसरहरूसंग यसबारे सम्पर्क राख्नु भै बिजहरूसंग जो गर्नु पर्ने विचार विमर्श गर्नु भए अन्तिम मतदान केन्द्र प्रकाशन गर्नलाई कमिशनलाई सुविधा हुने थियो ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना

आगामी आम निर्वाचनको निमित्त मोटा मोटी तरीकाले हरेक क्षेत्र क्षेत्रको मतदान केन्द्र लगत तयार गरी विभिन्न जिम्माहरूबाट यस कमिशनमा दाखिल भएकोमा सो लगत बमोजिम मतदानकेन्द्रहरू कायम गर्दा जनसाधारणलाई पीर मर्का असुविधा पर्छ पर्दैन भन्ने बारे सुझावहरू प्राप्त होस् भन्नाको लागि सो मतदान केन्द्रहरूको लगत वितरण गरिएको थियो उक्त मतदान केन्दहरू बारे कतिपय सुझावहरू प्राप्त भएकोमा प्राप्त भए जति सुझावहरू उपर उचित कारबाइ गर्न विभिन्न जिल्लाहरूमा पठाएको छ यसरी आएसम्म जिम्मा पठाउदै रहेकोमा हाल पनि बीच बीचमा एक दुइ सुझाव मौखिक तथा लिखित रूपमा पर्न आइ रहेकोले यसरी सुझावहरू संधै ली रहने गरेमा सो मतदान केन्द्रको लगत अन्तिम तवरले तयार हुन मुश्किलै पर्ने देखिएकोले यस प्रकारको सुझावहरू लिने अन्तिम मिति निश्चित गर्नु नितान्त आवश्यक भएको हुंदा उक्त मतदान केन्द्रको लगत बमोजिम कायम गर्दा जनसाधारणलाई पीर मर्का पर्ने नपर्ने केही यस सम्वन्धमा यै ०१५ साल मार्ग १ गते सम्ममा सुझाव पेश गर्न चाहने राजनैतिक प्रस्थाभाडीने साधारणले सुझावहरू सम्बन्धित जिल्लाको जोनल निर्वाचन अफिसर छउ पेश गर्नु सक्नु हुन्छ र उक्त मिति पछि पन आएका सुझावहरू उपर कुनै नगरिने भएकोले सर्व साधारणलाई ज्ञान होस् भनी यो विज्ञप्ति प्रकाशित गरिएकोछ । पुनश्च विभिन्न जिल्ला स्थान जोनल निर्वाचन अफिसर असिस्टेण्ट जोनल निर्वाचन अफिसरहरूलाई समेत यसै सूचनाद्वारा सूचित गरिन्छ कि उपरोक्त बमोजिम पर्न आएका सुझावहरू उपर अविलम्व उचित कारबाई गर्नु होला । यसरी मतदान केन्द्रको लगत बमोजिम मतदान केन्द्र कायम गर्दा आम जनतालाई मर्का पर्ने नपर्ने केही विचार गर्न इलाका बडाहाकिम समेत बुझ्नु भै जिल्लामा भएका विभिन्न राजनीतिक तथा कुनै संस्थाहरू र स्थानीय भैभलाद्मीहरू समेत भेला गरी छलफल गरी मतदानकेन्द्रको अन्तिम लगत तयार गरी कमिशनमा १ प्रति मार्ग २२ गतेसम्ममा पठाउने काम गर्नु होला यो सूचना विभिन्न जिल्ला निर्वाचन अफिसका नाउमा हुलाकद्वारा समेत पठाउने काम भएकोले सूचना प्रकाशित गरिएकोछ ।

श्यामकृष्ण<br>
सेक्रेटरी<br>
निर्बाचन कमिशन<br>
२०१५.६.२७.२ मा

९६९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## ११ निर्वाचन क्षेत्र

फाराम नं. (नियम ८५)

उम्मेदवारको नाम गृहबहादुर वस्नेत                निर्वाचन खर्चको फांट

उम्मेदवारको ठेगाना पू २ नं. मकैवारी साखिने वडी

उम्मेदवारको निर्वाचन एजेन्टको नाम

उम्मेदवारको निर्वाचन एजेन्टको ठेगाना

| सि.नं. | खर्च गरेको मिति | खर्चको विवरण | खर्चको तीरि सकेको | खर्चको तीर्न बाँकी | अंक जम्मा | रूपैयाँ दिएको मिति | रूपैयाँ लिने मानि-सको ठेगाना | तिर्नबां-की रूपैयाँ पाउने व्यक्तिको नाम ठेगाना | रसिद भर्पाइको नम्बर |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ०१५.८.<br>२२,१ | नोमिनेशन<br>पत्रदस्तूर<br>दर्तागदीला-<br>गेको धरौ<br>टीसमेतको | २५२. | = | २५२. | ०१५.८<br>२२.१ | पू.२न.<br>गो.का<br>बडाहा<br>किम गम्भी<br>रध्वजगुरूं | | |
| २ | ०१५.९.<br>२२ | ने.का.लाई<br>किनचुन्ने<br>भन्नेपर्चाछि<br>पाएकी | २०० | = | २०० | १५,९,२२ | कल्पना<br>प्रेस न-<br>क्साल | = | |
| ऐ | ऐ | ने.का.लेकै<br>गन्योग्रव<br>केगर्छभ<br>न्नेपर्चा<br>छपाएको | १२५ | = | १२५ | ऐ | ऐ | = | |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ऐ | माउशाता कोपरि चयपत्र छपाएको | २१० | = | २१० | ऐ | ऐ | | |
| ३ | ०१५,११,२ | रुखर्चि न्ह भए को वा कसमा भोट ख साल्नो स्भन्नैप र्चा छपा एको | २० | = | २० | १५.११.२ | ऐ | = | |
| | ऐ | कागज खरिद गरेको | ४० | = | ४० | ऐ | ऐ | | |
| | ऐ | गृहवहा दुरलाई भोटदि नहवस् भंडे | १७५ | = | १७५ | ऐ | ऐ | = | |
| ४ | १५.१२. २७. ५ | कार्यकर्ताहरू कोखु बाउनके हेमबह्रा दुरवस्ने तक्षेत्री कोभर्पा ईवमो जिम | ५०० | = | ५०० | ०१५.१२ २७.५ | हेमवहादुर बस्नेत | = | |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | ०१५.१२ | | | | | | | |
| | २६.४ | ऐऐनन्द | | | | | | |
| | | प्रसादको | | | | | | |
| | | भर्षाइब | | | | | | |
| | | मोजिम | ५०० | = | ५००. | ०१५.१२ | | |
| | | | | | | २६.४ | नन्दप्रसाद | |
| ६ | ०१५.११ | | | | | | | |
| | १६. | पूरनं.गो | | | | | | |
| | | वाटभोट | | | | | | |
| | | लिष्टकि | | | | | | |
| | | नेको | ४५. | = | ४५. | ०१५.११. | जु.कल.भक्त | |
| | | | | | | १६. | बहादुर | = |
| | | | | | | | | |
| | | | | | | | | |

नोट.— निर्वाचन खर्चको फांट पेश गर्दा खर्च कटीएको अंक कलमको बिल भर्षाइ रसीद फारामका महलमा लेखिएको क्रमअनुसार नम्बर चढाइ फाराम साथ शामेल रा- ख्नु पर्छ

उम्मेदवारको स्ही गृहबहादुर बस्नेतक्षत्री
मिति ०१६.१.१६.४
उम्मेदवारको निर्वाचन एजेण्टको
मिति

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

कल्पना प्रेस

सुन्दर र उच्च कोटीको मुद्रण ग्रान

नागपोखरी काठमाडौं मिति २.११.२०१५

श्रीमान गृहबहादुर बस्नेत पू २ नं.

| दरसंख्या | विवरण | दर | रूपैयाँ | पैसा |
|---|---|---|---|---|
| २००० | रूखचिन्ह भएको बाकसमा भोट | | | |
| | खसाल्नोस् भन्ने पर्चा छपाइको | | | |
| | कागज | १० | २० | |
| | | | ४० | |
| ५००० | ने. कां.का उम्मेदवार गृहबहादुर | | | |
| | लाइ भोट दिनुहोस भन्ने पर्चा | | | |
| | छपाएर कागज स्मेत प्रतिहजार | ३५ | १७५ | |
| | | जम्मा | | |
| | | बाकी | २३५ | |
| | भुलचुक लिने दिने | बाकी | | निमित्त |
| | | | | मेनेजर |
| | | | | कल्पनाप्रेस |

बील न. २१३ (कल्पना प्रेस)

सुन्दर र उच्च कोटीको मुद्रण व्यवस्था

नागपोखरी नक्साल

काठमान्डु

खा सं.

मिति २१।९।२०१५

श्रीमान गृहबहादुर बस्न्याल पू. २ नं

| संख्या | विवरण | दर | रूपैयाँ | पैसा |
|---|---|---|---|---|
| १०००० | नेपाली कांग्रेसलाई नै किन चुन्ने | | | |
| | भन्ने पर्चा प्रती हजार | २० | २०० | |
| ५००० | ने. कां. ले के गर्‍यो अब के गर्छ भन्ने पर्चा | | | |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | । छपाइ प्रति हजार | । २५। | । १२५। । |
| ३५००० | । मतदाताको परिचयपत्र छपाइके प्रतिहजार | । ६। | । २१०। । |
| | । भुलचुक लिने दिने | । जम्मा । | ५३५। । |
| | | । पेस्की । | निमित्त मेनेजर |
| | | । बांकी | कल्पनाप्रेस |

लिखितम पूर्व २ नं. इ. सुरपाछिमावली बस्ने नन्दप्रसाद सिवाकोटी आगे तपाई उम्मेदवार मकैवारी बस्ने गृहेबहादुर बस्नेत क्षत्रीले म बाट चामल, च्यूरा, घिउ, आलु, चिनी, समेत यही ०१५ साल फाल्गुण २० देखि चैत्र २४ गतेसम्म गरी मोहरू ५००। पाँच सयको स.मानको मोल म जिबाट दिई सो रूपैयाँ बुझेको भरपाई लेखी निज गृहेबहादुरलाई दियाँ। इति सम्बत् २०१५ साल चैत्र २६ गते रोज ४ शुभम्

लिखितम् पूर्व २ नं. इलाका फलकु बनी मध्ये बडा बस्ने हीमबहादुर बस्नेत क्षत्री आगे तपाई उम्मेदवार मकैवारी बस्ने गृहेबहादुर बस्नेत क्षत्रीले म बाट चामल, च्यूरा, घिउ, आलु, चीनी, समेत यही ०१५ साल फाल्गुण २० गते चैत्र २४ गतेसम्म गरी मोहरू ५००। पाचसय सामानको माल म जिम्माबाट दिई सो रूपैंयां बुझेको भरपाई लेखी निज गृहेबहादुरलाई दियां । इति सबत् २०१५ साल चैत्र २७ गते रोज ५ शुभम्

पूर्व २ नं. गोस्वाराबाट

श्रीगृहबहादुरजी आगामी हुने आम निर्वाचनको लागि नोमिनेशन साथ तपाईंले नोमिनेशनपत्र साथै दाखिल गर्नु भएको मोहरू २५०। दुइसय पचास रूपैया रामेछाप मालको ०१५।८।२२।१ मा धरौटीमा आमदानी बांधिएकोले तपाईंलाई रसिद दिएको छ।

०१५।८।२२।१ मा

श्रीमान् गृहेबहादुरजीका समीपमा

सादर नमस्ते

महाशय,

तपाईंले लेख्नु भएको पत्र प्राप्त भयो अत्यन्त खुशी लाग्यो जनकबहादुरजीसंग पनि भेट भएको थियो उहाले रा. छा. गएर फिर्ता गरिसक्नु भयो तपाइंले भनेको मा. मोरू २०० पुग्दैन भनी गुनासो गर्नु हुन्थ्यो तर ठूला मानिसको बोलकाम राम्रो गरेमा अझ थप दिउंला भन्ने आश्वासन दिनु भएकोले म उत्साहपूर्वक काम गरि दिनेछु भन्नु हुन्थ्यो तपाइंले पो. पे. पर्सामा बस्नु पर्छ भन्नुभए बमोजिम उहांको बस्ने निश्चय भएको छ यस तर्फको काम राम्रोसंग गर्नु हुनेछ भेडा खरिद भन्ने मानें सबै बताई दिएको छ अरू कुरा भेटमा हुनेछ तपाईंसग चाडैं भेट गर्नको आवश्यक र इच्छा समेत हुंदा म निकट भविष्यमा आई पुग्नेछु । ज्यादा के लेखुँ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्रीमान धर्मबहादुरजी,

सदैव तपाईंको कुशल चाहने साथी सञ्चै छु बेपार खरिदको निमित्त यहां भन्दा राम्रो मौका पाइंदैन राम्रोसंग गृहेबहादुरजीलाई साथ दिनु भई तपाइले आफ्नो हित सम्झनु होला यो समयको परिवर्तनले बिना रोजगारीको अवस्था हल गर्ने शुभ अवसर पर्न आएको छ। मोरू २५७। पठाएको छ यो रूपैयांबाट लायक लायकको असल किसिमको भेंडाहरू खरिदै गरी दिनु होला रूपैयां मात्र खाडलमा नडुबोस्।

भवदीय

नेत्रबहादुर २५०। मोरू

दुइसय पचास छ.

श्रीमान प्रियसाथी गृहबहादुरजी, तपाइंले लेख्नु भएको पत्र र रूपैयां प्राप्त भयो। तपाईले अह्राई लेखेअनुसार काम गर्दैछु भेडा किन्ने भन्ने हामीलाई थाहैछ यसतर्फ पाइएसम्म बांकी नराखी खरिद गर्नेछु मैले अनुमान गरी ठहराएको भेडाहरूबाट जरूर बञ्चित भएको र हुने खालको नकिनी हुने असल किनेर मेजरिटी बनाउने छु। कामबाट मानिस चिनिने छ अरू पनि ओल्लो पल्लो गाउको किन्ने बन्दोबस्त मिलाउने छु रूपैयां यही १०।८ दिनभित्रै आई गोस् अरू यसतर्फको बन्दोबस्त मै मिलाउनेछु म संग साथ दिनु भएको मानिस अलि बेमानी नियतको लाग्यो पछि भेटमा कुरा गर्नेछु पदमजी पनि म संग हिजोदेखि छुटनु भयो कामको निमित्त ज्यादै परिश्रम र मिहिनत साथ गरेको छु धरमबहादुर हस्ते पठाउनु भएको रूपैंयांमा मोहरू ३०० सय पुगेन सात रूपैया कम्ति रहेछ ज्यादा की

श्रीमान गृहेबहादुरजी,

तपाइको कुशल कामना गर्दै म सुबिस्ता साथ बसेको छु तपाइले भन्नु भएको कुराहरू पालन गरी सबै काम तय गर्न सकुला भनी मेरो हिम्मत थियो ३।४ वटा काम चाहिं बाकीनै रहन भयो खोजी गर्दा पाइएन कालु धर्म जनक पदमनाथजी सहितको कागजपत्र विषयमा खोजी गरी बल्ल तल्ल अनेक उपाय गरेर हात पारी पठाएको छु तपाइंको झगडियाले पनि झिक्न कोशिश गरेछ तर २ दिन ढीला भएको भए बरवाद पर्ने रहेछ अरू ठाउ त्यस्तो व्यवहार भएकोमा याद राख्नो शीघ्रातिशीघ्र आफ्नो हात लगाउन पेश छ। यताको भेटिएसम्म शेरबहादुर जिम्मा पठाएको छु। मै आउंदा ल्याउने थिएं तर तपाइंलाई लामो छटपटी र निद्रा भोकसमेत नलागेको कुरा थाहा पाएकोले पक्का मानिसलाई पठाएको छु।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६०

श्रीमान गृहबहादुरजी

नमस्ते

तपाईंले लेख्नु भएको चिठ्ठी सहित प्राप्त भयो । तपाईंको आशा बमोजिम ठहराएर मात्र किन्न पर्छ । किनेर मात्र हामीलाई यो काम हुन्छ भन्ने शंका लागेमा के किन्नु यस तर्फको काम धन्दा नमान्नु होला म ठिक गर्ने छु ।

तपाईंले अराउनु भए बमोजिम नै हुनेछ । मानिस चिनेर मात्र खरिद गर्न राम्रो हुनेछ । जुन किन्ने दिन हो तेसै दिन हाता हाती किन्दा सरल र पक्का पर्नेछ जस्तो मलाई पनि लागेको छ । पैसा र पदको निम्ति ब्राह्मणले बेद पढ्दैन भन्ने कुरा तपाईंले लेख्नु भएकोमा मैले पनि सम्झेको छु । काम हासिलको निमित्त मौकामा जे पनि गर्न पर्छ । मानिस चिनेर खरिद गर्न गराउने छु भन्नु भएकोमा पाइएसम्म भूल्ने छैन एक दुइ वटा फुटका गाउको पनि नछोडी लायक देखिए जति खरिद गर्न नभुल्नु स्वाभाविक कुरा हो जसरी भए पनि मैजरेटी बढाउनेछु कागजको बारेमा केही संकोच मान्न पर्दैन तपाईंको निम्ति जे काम परे पनि म जिम्मेवार हुने छु भन्ने तपाइको आश्वासन पाउंदा धैर्य पूर्वक जस्तो सुकै परे पनि आँखा चिम्लेर काम गर्दै छु ज्यादा भेटमा

तपाईंको भलो चाहने

श्रीमती कालु लामाजीमा

तपाई घरमा आएका मानिसहरूलाई लाग्ने खाना पिना दिनु होला यस्मा एउटा लगत खडा गरी खर्चको फाट उतारी राख्नु होला म आएर तपाईंको रुपैया भर्ना गर्ने छु । तपाइंको दुख यानी पनि हेर्ने छु जडो सहीशे नसक्ने गरी जाता भावी दिएमा बरवाद हुनेछ ठीक मात्र खाना दिनु होला ।

भवदीय

गृहबहादुर

२०१६ ज्येष्ठ ३ मा

काठमाडौं

श्रीमान् जनकबहादुर खड्का क्षत्रीजीमा

जय नेपाल

महाशय,

तपाईले लेखेको पत्र प्राप्त । भयो चुनाव पछि चरिकोटमा भेट गर्ने आशा थियो चानसबस भेट हुन सकेन । पार्सा पोलिङ्ग बूथको एजेन्ट बसी त्यत्रो जुक्ति मिलाउनु भएछ त्यहां हाम्रो भोटै नआउने हो, चरीमा पनि म नगएको भए तम गोर्खेको हुने रहेछ कुनै कारणबाट बूथ सार्न पर्न आवश्यक परे प्रिजाइडिङ्ग अफिसरले सार्नसक्ने छन् भन्ने टायपबाट कागज खडा गरी ढालेलाई पनि झुक्याई बूथ सारेर हाम्रो बदी गरायौ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मैले नाम र मिति कुनै पत्रमा नलेख्नु भनी कार्यकर्तालाई अन्हाएको कारण सोध्नु भएकोमा यसको रहस्य धेरै छ भेटमा बताउँला । तपाइँले उम्मेदवारबाट नाम कटाइकन आशातीत सहयोग दिएकोले म जुन शर्त्त तपाइँसंग भएको थियो त्यो शर्त्त कति फरक पार दिन तपाइँ यही आषाढ १५।१७ गते काठमाडौं आउनु होला । भिनाजु चक्रबहादुरमा र तपाइँको दाजु हरिजीमा पनि मेरो दण्डवत नमस्ते भनी दिनु होला ।

भवदीय

स्ही ले. गृहेबहादुर बस्न्यात क्षत्री

का. इ. ज्ञानेश्वर

श्रीमान् जनकबहादुरजी, तपाइँको पत्र प्राप्त भो जो गर्नुपर्ने गर्दा कुरा भेटमै भएकै छ जुन सत्य जमान तपाइँसँग भएको छ त्यसमा फरक पर्दैन निःसन्देह रहनु भए हुन्छ । रा. छा. गएर तुरुन्त फिर्ता गरी आउनु होला । अस्ति दिएको रूपैयाँमा थप बढी मोरू ३०००। थपी दिनेछु: यसमा फरक पर्दैन । त्यसमा तपाइँको एरियाको सबै काममा तपाईंले गर्नु होला । यतिको रूपैयां विश्वासले दिएको छु । खाडलमा नहाली दिनु होला र अघि देखिएको प्रेमले गर्दा यति काम गर्छ सोही समान नहोस । रा. छा. बाट फिर्ता गरेर आएपछि मलाई यही २६ गतेमा मकैवारीमा भेट्नु होला ज्यादा कि पत्र ।

भवदीय

स्ही गृहेबहादुर

श्रीमान् पद्मराजजी,

तपाईंको पत्र प्राप्त भयो । जो गर्ने सरसल्लाह अस्ति भेटमै भै त्यत्तिको कुरा गरेका छौ अर्थात् जुन शर्त्त भएको छ तपाईंले फरक पर्ने नसम्झी दिनु होला । यसमा निःसन्देह रहनु होस । तुरुन्त रा. छा. गएर फिर्ता गर्नु होला तपाई जिम्मा गएको मोरू ३०००। माथि अब ३०००। थपी तपाईंले भने जतिनै गराई दिनेछु त्यस तर्फको काम महत्वपूर्ण साथ गरी दिनु हुन्छ भन्ने विश्वास लिएतिको रूपैयां आंखा चिम्ली दिएको छ। खाडलमा नहाली दिनु होला । तपाईंकै हृदयमा ज्ञान भएको हुनाले ज्यादा के लेखूँ तपाईंको आशाको दुरुपयोग जस्तो मैले गरेको छैन । त्यस्तै तपाईंले पनि समान राखो दिन हुनेछ । तपाईंले फिर्ता गरेर तुरुन्त आउन भएपछि कति ढिला नभई तपाईंको चित्त बुझाई पठाउने छु ।

भवदीय

स्ही गृहेबहादर

माग १८

आज्ञाले–

शम्शेरराज

अध्यक्ष

पूर्व २ नं. चरिकोट निर्वाचन ट्राइबुनल

९९०९

गोरखापत्र छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

960